# भद्रपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भद्रपुर, झापा

# आ.व. ०७६/०७७ का लागि वार्षिक योजना तर्जुमा सम्बन्धी मार्गदर्शन

**दिर्घकालीन सोच** "पूर्वी क्षेत्रको व्यापारिक द्वार शान्ति, सम्बृद्धि सहितको भद्रपुर नगर"

**ध्येय (Mission)** :- उद्योग, व्यापार, कृषि र पर्यटनको विकास र विस्तारद्धारा भद्रपुर नगरपालिकालाई पूर्वी नेपालकै आधुनिक नगरको रुपमा विकास गर्ने ।

**उद्देश्यहरु (Objectives)**

- नगरपालिकालाई अन्तरदेशीय ब्यापारिक नाकाको रुपमा विकास गर्ने ।
- नगरपालिकालाई अर्गानिक उत्पादन क्षेत्र तोकी तरकारी खेती, फलफुल उत्पादन, माछा, मासु, पशुपालन तथा दुग्ध उत्पादन तथा मौरीपालन व्यवसायमा आत्मनिर्भर बनाउने ।
- नगरपालिकालाई आधारभूत पूर्वाधारले सम्पन्न बनाउने ।
- नगरपालिकामा लगानी मैत्री वातावरणको सृजना गरी कृषि, उद्योग तथा व्यापार/व्यवसाय र पर्यटनलाई प्रबर्द्धन गर्ने ।
- नगरपालिकामा शिक्षा, स्वास्थ्य, यातायात, रोजगार, शान्ति, सुरक्षा जस्ता आधारभुत अधिकारको स्थापनाका लागि उपयुक्त वातावरण निर्माण गर्ने ।
- समाजमा शान्ति एकता सदभाव बढाउने, महिला हिंसा विरुद्धका कार्यक्रम, बालमैत्री, अशक्त ,असहाय, गरीब तथा जेष्ठनागरीकको सम्मान तथा हक अधिकारको सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने
- वातावरण संरक्षण र सम्बर्द्धन गर्दै स्वच्छ, सफा, हराभरा र सुरक्षित शहर निर्माण गर्ने ।
- सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग गरी सेवाग्राही मैत्री नगर बनाउन क्षमता अभिबृद्धि गर्ने ।

## क्षेत्रगत मार्ग दर्शन

### १.पूर्वाधार विकास

#### क. भौतिक पूर्वाधार तथा यातायात

- क्रमागत योजना सम्पन्न गर्न प्राथमिता दिइने,
- नगरपालिकामा आधुनिक बसपार्क निर्माण गरी लामा तथा छोटा दुरीका बसहरु व्यवस्थित रुपमा संचालन गर्ने,

- मुख्य सडकका चौक र बजारमा बस स्टेण्डको निर्माण गर्ने,
- सिटी सफारी र टेम्पोहरुको स्टेण्ड निर्माण गर्ने,
- झोलुङ्गे पुल निर्माण गर्ने,
- सडक निर्माण गर्दा बायो इन्जिनियरिङ्ग तथा वृक्षारोपणमा जोड दिने,
- नगरपालिकाको सम्पूर्ण बस्तीहरु ग्राभेल सडक संजालमा जोडने,
- भवन निर्माण आचार संहिता कार्यान्वयन गर्ने,
- नगरपालिकामा यात्रुमैत्री सार्वजानिक यातायात सहजरुपमा संचालन गर्न नियमन गर्ने,
- मुख्य सडकमा अनिवार्य जेब्रा क्रसिङ्ग सहितको ट्राफिक लाईटको व्यवस्था गर्ने,

**ख) सिंचाई**

- भूमिगत जल सिंचाई आयोजनाको निर्माण गर्ने,
- स्यालो टयुवेलहरुको निर्माणर्ं गर्ने,
- थोपा सिंचाई आयोजना निर्माण गर्ने,
- पोखरी सिंचाई अभियान संचालन गर्ने,
- कृषि विद्युतीकरण गरी सिंचाई विस्तार गर्ने,
- सोलार सिंचाई आयोजना निर्माण गर्ने,

**ग) विद्युत, बैकल्पिक उर्जा तथा संचार :**

- बजार क्षेत्र तथा वस्तीहरुमा सडक बत्तिको व्यवस्था गर्ने,
- बैकल्पिक उर्जाको विस्तार गर्ने,
- विद्युत प्रशारण लाईनको स्तरोउन्नती गर्ने,
- कृषि पकेट क्षेत्रमा कृषि विद्युतिकरण गर्ने,
- कार्यालयको सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्ने,
- नगरक्षेत्रमा इन्टरनेटको विस्तार गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,
- मुख्य पर्यटकीय क्षेत्रमा निःशुल्क इन्टरनेटको व्यवस्थापन गर्ने,

**२. सामाजिक विकास**

**क) शिक्षा**

- नक्साङ्कनका आधारमा अनावश्यक स्थानमा रहेका विद्यालयहरुलाई गाभ्ने,
- प्रत्येक विद्यालयमा विधुतिय हाजीरीको व्यवस्था मिलाउने,
- प्रत्येक विद्यालयमा भौतिक सुविधा विस्तार (कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला र बाहिरी वातावरण) कार्यक्रम संचालन गर्ने,
- बालविकास केन्द्रको सुधार गर्ने,
- शिक्षक शिक्षिकाहरुको पुनर्ताजगी तालिम प्रदान गर्ने,
- नगरक्षेत्रमा प्रविधिक विद्यालयहरुको स्थापना गर्ने,
- सामुदायिक विद्यालयमा नमुना विज्ञान प्रयोगशालाको स्थापना गर्ने,

- विद्यालयको भौतिक पूर्वधारमा फर्निचरको व्यवस्था गरी रङरोगनमा एकरुपता ल्याउने,
- विद्यार्थी शिक्षक अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान गर्ने,
- विद्यार्थीको Retention Rate बृद्धि गर्न लक्षित समुहका बालबालिकालाई छात्रावृत्ति प्रदान गर्ने,
- सामुदायिक अध्ययन केन्द्रको क्षमता वृद्धि गर्ने,
- कृषि विषय अध्यापन गराउने सामुदायिक विद्यालयमा माटो परिक्षण ल्याव स्थापना गर्ने,
- विद्यालयमा सफटवेरको प्रयोग गरी लेखा प्रणालीलाई व्यवस्थित गर्ने,
- विद्यालयमा बालबालिकालाई शैक्षिक सामाग्री तथा खेल सामाग्रीको व्यवस्थापन गर्ने,
- विद्यालयमा बालबालिकाहरुको प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने,

**ख) स्वास्थ्य**

- प्रत्येक वार्डमा कम्तीमा एउटा स्वास्थ्य संस्था (स्वास्थ्य चौकी वा शहरी स्वास्थ्य केन्द्र),
- नगर स्तरिय अस्पताल स्थापना,
- जेष्ठ नागरीक सेवाकेन्द स्थापना तथा संचालन,
- पूर्ण खोप सूनिश्चितता र दिगोपना,
- शत प्रतिशत स्वा सस्थामा प्रशुति सुनिश्चितता र मातृसेवा प्रबर्द्धन,
- रोग तथा महामारी नियन्त्रण,
- स्वास्थयकर जीवनशैली तथा नसर्ने रोग रोकथाम तथा व्यव्स्थापन,
- सामाजिक स्वास्थ्य बिमा कार्यकम प्रबर्द्धन,
- नगरबासीको स्वास्थ्यमा असर पर्ने विषादिको प्रयोग र बिक्री वितरणमा नियन्त्रण गर्ने,
- परिवार नियोजन प्रयोगकर्ताको दरमा बृद्धि गर्ने सचेतनामुलक कार्यक्रम संचालन गर्ने,
- यौन रोग तथा HIV AIDS सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गर्ने,
- लक्षित वर्गमा निःशुल्क औषधी उपलब्ध गराई स्वास्थ्य केन्द्रको सेवासुविधालाई सर्वसुलभ बनाउने,
- योग प्रशिक्षण केन्द्रको स्थापना तथा योग शिविरहरुको संचालन गर्ने ।

**ग) खानेपानी तथा सरसफाई तथा ढल**

- विद्यालयको खानेपानी ट्याङकीको उचित सरसफाई तथा समय समयमा मर्मत सम्भार गर्ने,
- बिच्छ्याइएका पाइपको मर्मत सम्भार तथा पानी चुहावट रोक्ने,
- परम्परागत पोखरीहरु र सिमसार क्षेत्रको संरक्षण गर्ने,

- बजार केन्द्र, बसपार्क तथा मुख्य बस्तीहरुमा व्यवस्थित सार्वजनिक शौचालयको निर्माण गरी सरसफाई तथा मर्मत सम्भारको उचित प्रबन्ध गर्ने,
- प्रत्येक विद्यालयमा छात्रामैत्री शौचालय निर्माण गर्ने,
- बजार क्षेत्रको नाली व्यवास्थापन गर्ने,
- स्रोतमै वर्गीकरण गरी फोहोरको उचित व्यवस्थापन गरी बायोग्यास प्लान्ट निर्माण गर्ने साथै जनचेतना अभिवृद्धि गर्ने,
- प्लाष्टिक जन्य नकुहिने वस्तुको प्रयोगमा बन्देज लगाउन जनस्तरबाटै चेतनामुलक कार्यक्रम संचालन गर्ने,
- नगर क्षेत्रमा पहिचान गरी विस्तृत परियोजना प्रस्ताव तयार गरीएका शवदाह स्थलको निर्माण गर्ने ।

**घ) महिला तथा बालबालिका तथा लक्षित समुह**

- लक्षित वर्ग तथा गरीव र विपन्न वर्गहरुका लगि सिपमुलक तथा आयमुलक तालिम संचालन गर्ने,
- लक्षित समुहमा साक्षरता विकास कार्यक्रम संचालन गर्ने,
- प्रत्येक वडाकार्यलयहरुमा बाल उद्यालन निर्माण गर्ने,
- बालअधिकारका बारेमा चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने,
- बाल गृह संचालन गरी सडक बालबालिकाको व्यवस्थापन गर्ने,
- बाल श्रमिक तथा बाल विवाह विरुद्धमा वडा स्तरमा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने,
- महिलाको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरी महिला हक अधिकारको सुनिश्चित गर्न महिलालाई अग्रसर गराउने,
- महिला सहकारीको प्रबर्द्धन गर्ने,
- महिला उद्योग ग्रामको स्थापना तथा संचालन गरी महिलाहरुलाई स्वरोजगार बनाउने,

**ङ) खेलकुद**

- स्थानीय, जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता आयोजना गर्ने,
- भद्रपुर नगरपालिका खेलाडीहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा संचालित खेलकुद प्रतियोगितामा सहभागि गराउन उचित प्रशिक्षण प्रदान गर्ने,
- खेलकुदको महत्व अभिबृद्धि गर्न विद्यालय तथा कलेज स्तरमा खेलकुद कार्यक्रमको आयोजना गर्ने,
- नगर भित्र रहेका खेलमैदानको स्तरोन्नती गरी प्रत्येक वडामा खेलमैदान निर्माण गर्ने,
- सम्पूर्ण उच्च मा.वि.हरुमा खेलमैदान निर्माण गर्ने,
- वडा स्तरमा खेलाडीहरुको क्षमता वृद्धि गर्न प्रशिक्षकहरुको व्यवस्थापन गरी तालिम प्रदान गर्ने,
- मेची रंगशालाको स्तरोउन्नती गरी स्तरीय खेल प्रशिक्षण केन्द्रको पूर्वाधार निर्माण गर्ने,

## ३. आर्थिक विकास

### क) कृषि

- कृषिलाई आधुनिकिकरण, व्यवसायिककरण एवं प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने,
- नगर भित्ररहेका व्यवसायिक कृषि पेशामा संलग्न व्याक्ति, फर्म, कृषक समुह, कृषि उद्यमी व्यवसायिक संगठनहरुलाई सुचिकृत गर्ने,
- एक वडा एक उत्पादनलाई जोड दिने,
- सहकारी मार्फत कृषकहरुलाई सहज रुपमा कृषि ऋण तथा अनुदानको व्यवस्था गरी सहकारितामा आधारित सामुहिक खेती प्रणालीलाई प्रबर्द्धन गर्ने,
- कृषि संकलन केन्द्रको स्थापना गरी विषादीरहित कृषि उत्पादनको बजारीकरण गर्न त्यस्ता उत्पादनको छुट्टै बिक्री कक्ष निर्माण सहकारी संस्थासँग सहकार्य गरीनेछ,
- कृषि उत्पादन हुने क्षेत्रको पहिचान गरी उत्पादन र उत्पादकत्व बढाउने गरी सामुहिक वा सहकारी प्रणालीद्वारा भौतिक पूर्वाधार, उपकरण, मल, बीउ, तालिमको व्यवस्था गर्ने,
- बाँझो जमिन राखेका निजी तथा सार्वजनिक जग्गाको पहिचान गरी सहकारी संस्थासंग सहकार्य गरी नमुना जैविक खेती प्रणालीको विकास गर्ने,
- शिक्षित बेरोजगार युवालाई कृषि पेशामा आर्कषित गराई स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने,
- माछापालनको क्षेत्र विस्तार गरी नयाँ पोखरीको निर्माण तथा पुरानो पोखरी मर्मत गर्ने,
- स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुपंक्षीको उत्पादन, प्रशोधन र वितरण गर्ने,
- दुग्ध उत्पादन र उत्पादकत्व बृद्धि गर्न व्यवसायिक गाईपालक कृषकहरुलाई बाच्छी मात्र उत्पादन हुने वीर्य (Sexed Semen) खरिद गरी वितरण गर्ने,
- कुखुरा तथा अण्डा उत्पादन गर्ने कृषकहरुलाई प्रर्बद्धन गरी अण्डामा आत्मनिर्भर हुने,
- फलफुलको आयात प्रतिस्थापन गर्न व्यवसायिक रुपमा फलफूल खेतीको विस्तार एवम् प्रबर्द्धन गर्ने,
- कृषकलाई विरुवा अनुदान कार्यक्रम संचालन गर्ने ।

### ख) उद्योग तथा बाणिज्य

- औद्योगिक क्षेत्रको विस्तारका लागि सम्भाव्यता अध्ययन गर्ने ।
- बाणिज्य क्षेत्रको विकास तथा विस्तार गर्ने ।
- कृषिजन्य उद्योगको स्थापना गरी स्वरोजगारको सृजना गर्ने ।
- औद्योगिक ग्रामको स्थापना गर्ने ।
- औद्योगिक क्षेत्र तोकी पूर्वाधार विकास गर्ने ।
- उद्यामशीलताको लागि लघुउद्यमी विकास तथा सहयोग कार्यक्रम संचालन गर्ने ।
- उद्यमीहरुको क्षमता अभिबृद्धि तालिम संचालन गर्ने ।

- उपलब्ध कच्चा पदार्थको आधारमा (कृषि, वन, वनस्पति, जडिबुडी) कृषि उद्योगको स्थापना गर्ने ।
- उद्योगको उत्पादन लागत घटाउन प्रविधिको बारेमा खोज अनुसन्धान गर्ने ।
- आयतलाई प्रतिस्थापन गरी निर्यात जन्य बस्तु उत्पादन गर्ने उद्योगहरुको स्थापना गर्ने ।

**ग) पर्यटन**

- पर्यटन सुचना केन्द्रको स्थापना गर्ने ।
- पर्यटन पूर्वधारको विकास तथा विस्तार गर्ने ।
- पर्यटकलाई आवश्यक पर्ने स्तरीय होटलको निर्माण गर्न तथा पर्यटक मैत्री व्यवहारको लागि प्रवर्द्धन गर्ने ।
- नगर क्षेत्रमा रहेका मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थल, गुम्बा, आदिको संरक्षण गर्ने ।
- पुरातत्वीक महत्वका धार्मिक तथा ऐतिहासीक स्थलको संरक्षण गरी पर्यटन पूर्वधार निर्माण गर्ने ।
- विस्तृत परियोजना प्रस्ताव वमोजिम कमलधापमा सिमसार पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण गर्ने ।
- नगर क्षेत्र भित्र मनोरन्जन पार्क, बाल उद्यान, साइन्स सिटि, सिमसार क्षेत्र, पिकनिक स्थल लगाएतका पूर्वाधार निर्माण गर्ने ।
- सतार, राजवंशी, थारु लगाएतका जातजातिहरुको क्षमता अभिबृद्धि गरी होमस्टे संचालन गर्न

## ४. वातावरण तथा विपद व्यवास्थापन

**क) बन तथा बातावरण संरक्षण**

- सार्वजनिक खाली जग्गाहरुमा वृक्षारोपण गर्ने ।
- सर्वजानिक नदि किनारका बाँझो जमीनहरुमा फलफुलका विरुवारोपण गरी संरक्षण गर्ने ।
- पूर्वधार विकासमा बातावरण मैत्री अवधारणा लागू गर्ने ।
- सार्वजनिक जग्गाहरुको लेखाजोखा गरी त्यसको संरक्षण सर्म्बधन गर्ने ।
- प्रदुषण रहित नगर बनाउन चेतनामुलक कार्यक्रम संचालन गर्ने ।
- उद्योग कलकारखानाबाट निस्कने धुलो तथा धुवाको नियन्त्रण गर्नको लागि अनुगमन गर्ने ।
- कलकारखानाबाट निस्कने फोहोरको व्यवस्थापन गर्न आवश्क पहल गर्ने ।
- विद्यालय स्तरबाटै बातवरण संरक्षण कार्यक्रम संचाल गरी विद्यार्थीहरुमा वातावारण विनास र त्यसको आसर सम्बन्धी चेतना जगाउने ।
- सामुदायिक वन उपभोक्ता समुहहरुसंग समन्वय तथा सहकार्यमा दिगो वन व्यवस्थापन तथा वनसंरक्षण गर्ने ।

**ख) जल उत्पन्न प्रकोप तथा विपद व्यवस्थापन**

- नदिकटान क्षेत्रमा बसोवास गर्ने वासिन्दाहरुको सुरक्षित बास स्थानमा स्थानान्तरण गर्ने
- बाढिको दिर्घकालीन समस्या सामाधानको लागि पक्की तटबन्धको निर्माण गर्ने ।
- विपद व्यवस्थापनका लागि सेल्टरहाउसको निर्माण गर्ने ।
- विद्यालय स्तरमा जुनियर रेडक्रसको निर्माण गर्ने ।
- विद्यालयमा विपद व्यवस्थापन सम्बन्धी तालिम आयोजना गर्ने ।
- भवन निर्माण संहिता र निर्माण तथा योजना मापदण्ड कडाईका साथ लागू गर्ने ।
- दक्ष आगालागी नियन्त्रक र उद्धार टोलिको व्यवस्था गर्ने ।
- नगरभित्र जल उत्पन्न प्रकोप बाट हुने जोखिम क्षेत्रको नक्साङकन गर्ने ।

## ५. संस्थागत विकास तथा सुशासन

**क) सेवा प्रवाह**

- सहभागितामुलक योजना तर्जुमा गर्ने
- अनुगमन ताथा सुपरिवेक्षण, समिक्षा गोष्ठी, सार्वजानिक सुनुवाई, सार्वजानिक लेखा परिक्षण, प्रभाव मुल्याङकनमा जवाफदेहिता, पारदर्शिता र उत्तरदायी ।
- सेवा प्रवाह तथा विकास निर्माणमा निजी, सामुदायिक तथा गैससको सहभागिता गराउने ।
- सम्पूर्ण वडा कार्यालयहरुमा सुझाव पेटिका, नागरीक वडापत्रको व्यवस्था गर्ने ।
- नागरीक सन्तुष्टि सर्वेक्षण गरी यसको नतिजाको आधारमा संस्थागत सुदृढीकरण गर्ने ।
- सेवा प्रवाहमा सुचना प्रविधीको उपयोग गरी सुशासनमा जोड दिने ।

**ख) सुचना प्रविधिको विकास**

- मोबाईल एप्सको निर्माण गर्ने ।
- नागरीक सन्तुष्टिको सर्वेक्षण तथा सुझाव मोबाईल एप्सको माध्यमबाट लिने।
- नगरपालिकावाट संचालित कार्यक्रमहरुको अभिलेख तथा प्रगति विवरण सफटवेरका माध्यमबाट गर्ने
- सरकारी विद्यालयमा विद्युतिय हाजिरीको व्यवस्था गरी लेखा प्रणालीलाई सुव्यवस्थित बनाउन सफ्टवेयरको प्रयोग गर्ने ।
- पर्यटकीय स्थलहरुमा फ्रि वाईफाईको व्यवस्था गर्ने ।
- नगरका प्रत्येक घरधुरीमा इन्टरनेटको पहुँच पुऱ्याउन निजि क्षेत्रसंग सहकार्य गर्ने ।
- IT House को निर्माण गरी प्रविधि सम्बन्धी निःशुल्क तालिमको आयोजना गर्ने ।
- प्रत्येक वडा कार्यालयहरुबाट नागरिक स्तरमा IT सम्बन्धी तालिम प्रदान गर्न internship को उपयोग गर्ने ।
- नगरले प्रयोग गर्ने सम्पूर्ण सफटवेयरहरु सेन्टरलाईज क्लाउड सिस्टमबाट संचालन गर्ने ।

- प्रविधि सम्बन्धी नगरबासीहरुलाई अभिमुखिकरण गर्ने ।

**ग) राजस्व परिचालन**

- घर बहाल लगाएका घरधुरीको लगत तयार गरी सम्पतिकर प्रणालीमा आवद्ध गर्ने
- सम्पति कर संकलनलाई व्यवस्थित र वैज्ञानिक बनाउने ।
- नक्सापास प्रक्रियालाई व्यवस्थित गर्न EBPS लागू गर्ने
- स्थानीय पार्क, बगैचा, पर्यटकीय क्षेत्र, पोखरी, सीमसार, खुल्ला क्षेत्र तथा मठ मन्दिरको आवश्यक सुधार गरी व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता गराउने,
- जनसहभागितामा आधारित योजनाहरु संचालन गर्ने,
- कार्यालयका प्रशासनिक कामहरुलाई कम्प्यूटरकृत गर्ने,
- समपुरक कोषबाट अधिकतमा परिचालन हुन सक्ने योजनाहरु संचालन गर्ने,
- नेपाल नेपाल सरकार, प्रदेश सरकारका निकायहरु तथा नगर विकास कोष, जिल्ला समन्वय समिति, सडक बोर्ड लगायतका विषयगत निकायबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने ।
- दातृ निकाय तथा संस्थाहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने आदि ।
- नगरपालिकामा भएका उद्योग, व्यवसायिक फर्म तथा आर्थिक कारोबार गर्ने निकायहरु पहिचान गरी करको दायरामा ल्याइने छ ।